# स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड १) तानसेन, मंसिर महिना २९ गते २०७४ साल (संख्या ७)

भाग : २

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तानसेन नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७४ सालको कार्यविधि नं. ७

## कार्यविधिको नाम : बिपन्न दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यबिधि, २०७४

**प्रस्तावना** : नेपालको संबिधानले आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । यसका साथै राष्ट्रिय स्वास्थ्य बीमा नीतिले गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमाबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्नका लागि तानसेन नगरपालिकाबाट यो कार्यबिधि तयार गरी लागू गरिएको छ ।

१. **स्वास्थ्य बीमा सहयोग कार्यक्रम :**

(क) तानसेन नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गरी बस्ने, तर आर्थिक अवस्थाका कारण आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग स्वास्थ्य उपचार गराउनबाट बञ्चित भएका नागरिकहरुको स्वास्थ्य उपचारमा हुने सम्भावित खर्चको जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले त्यस्ता समुदाय वा परिवारलाई लक्षित गरी तानसेन नगरसभाबाट स्वस्थ्य विमा कार्यविधि स्वीकृत गरी स्वास्थ्य बीमा सहयोग कार्यक्रम सञ्चालन गरिएको छ ।

(ख) यो कार्यक्रम चालू आर्थिक वर्षका लागि १००० (एक हजार) परिवारलाई औसत १ परिवारमा ५ जना सदस्यलाई समेट्ने गर्ने गरी सञ्चालन गरिनेछ ।

तर,

(ग) बुँदा नं. (क) र (ख) मा जुनसुकै कुरा लेखिए तापनि आर्थिक वर्ष २०७४/०७५ को लागि बुँदा नं. (ख) को कार्यक्रमबाट दलित तथा अल्पसंख्यक समुदायका व्यक्ति/परिवार लाभान्वित हुनेछन् ।

२. **स्वास्थ्य बीमा लाभग्राही हुनका लागि आवश्यक पर्ने योग्यता :** नियम नं.१(क) बमोजिमको सहयोग प्राप्त गर्न देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ :

(क) नेपाली नागरिक हुनु पर्नेछ ।

(ख) तानसेन नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

(ग) आ.व.२०७४/०७५ को लागि भने नियम नं. २(क) र (ख) का अतिरिक्त अनिवार्य रुपमा "दलित" वा "अल्पसंख्यक" समुदायको हुनु पर्नेछ ।

(घ) दलित भन्नाले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको दलित जातीय अनसूचीमा उल्लेखित जातीहरुलाई मात्र जनाउने छ ।

(ङ) अल्पसंख्यक समुदाय भन्नाले मिति २०७४ बैसाख ११ गते प्रकाशित नेपाल राजपत्र भाग ५ मा उल्लेख भए बमोजिमलाई मात्र जनाउने छ ।

३. **स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रिया**

स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्नानुसारका प्रक्रियाहरु पूरा गर्नु पर्नेछ :

- आवेदन दिनको लागि सूचना प्रसारण
  नियम नं. १ बमोजिमको बीमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित पक्षबाट आवेदन माग गर्न तानसेन नगर कार्यपालिकाको कार्यालयबाट आवेदन संकलन शुरु हुने मिति भन्दा कम्तीमा १५ दिन अगावै सार्वजनिक संचार माध्यमबाट आवेदन दिन सकिने विषय सहितको सूचना प्रशारण गर्नु पर्दछ ।
- बीमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालय वा वडा स्तरीय जन प्रतिनिधि मार्फत बीमा सम्बन्धी बिस्तृत सूचना लिन सक्नेछ ।
- योग्यता पुगेको इच्छुक व्यक्तिले बीमाको लागि अनुसूची-१ बमोजिमको आवेदन रितपूर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्नेछ ।
- अनुसूची-१ बमोजिमको आवेदन फाराम वडा कार्यालयबाट निशुल्क उपलब्ध हुनेछ ।
- आवेदनका साथ नियम नं. २(क), (ख) र (ग) लाई पुष्ट्याई हुने कागजातहरु र आवेदकको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्दछ ।

४. **वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राही सिफारिस समितिको गठन :**

वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राहीको सिफारिस गर्न देहाय अनुसारको एक समितिको गठन हुनेछ । जसमा :

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाको दलित महिला सदस्य | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

तर, बीमा लाभग्राहीको सिफारिस प्रयोजनका लागि समितिले थप परामर्शको आवश्यकता महसुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

**५. वडा स्तरीय बीमा लाभग्राही सिफारिस समितिको काम, कर्तब्य तथा अधिकार:**

- वडा भित्र संकलन भएका वीमा आवेदनहरु रितपूर्वक भए नभएको जाँच गर्ने,
- नियम नं. २ बमोजिमका आधार नपुगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने,
- योग्यता पुगेका आवेदनहरुलाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर बिपन्न दलित र अल्पसंख्यक समुदायको छुट्टाछुट्टै अभिलेख राख्ने
- अनुसूची-२ बमोजिम बिपन्न दलित तथा अल्पसंख्यकलाई "अतिबिपन्न दलित", "बिपन्न दलित" र "दलित" गरी ३ समूहमा साथै अल्पसंख्यकलाई पनि "अति बिपन्न अल्पसंख्यक", "बिपन्न अल्पसंख्यक" तथा "अल्प संख्यक" समुदाय गरी ३ समूहमा बर्गिकरण गरी अन्तिम छनौटका लागि नगरस्तरीय स्वास्थ्य बीमा छनौट तथा सिफारिस समितिमा तोकिएको समय भित्रै पठाउने ।
- नगर कार्यपालिकाबाट छनौट भई आएको आफ्नो वडा भित्रका बीमा लाभग्राहीको नामावली प्रकाशन गर्ने र सम्बन्धित आवेदकलाई सम्झौता गर्न सूचित गर्ने ।
- दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने
- बर्गीकरण तथा सिफारिसको नतिजा उपयुक्त समयमा बाहेक गोप्य राख्ने ।

**६. नगर स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठन :**

नगर स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठन : देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| नगरपालिका उपप्रमुख | संयोजक |
| कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको दलित सदस्य एकजना | सदस्य |
| कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको अल्पसख्यक एकजना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला स्थित स्वास्थ्य बीमा हेर्ने कार्यालय प्रमुख | सदस्य |
| स्वास्थ्य बीमा हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

तर, बीमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनका लागि समितिले थप सहयोगको आवश्यकताको महसुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

**७. नगर स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकार :**

नगर स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछ :

- वडाबाट बर्गीकरण गरी सिफारिस सहित आएका आवेदनहरुको पुन: परीक्षण गर्ने ।
- बर्गिकरणको आधार र प्राथमिकताक्रम नमिलेको पाइएमा पुनर्बिचारका लागि वडामा पठाउने ।
- प्रक्रिया बिपरीत आएका आवेदनलाइ सूचीबाट हटाउने ।
- मागको चाप अत्यधिक बढेर बिनियोजित बजेटबाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिती पैदा भएको महशुस गरेमा समितिले नयाँ बर्गिकरणका आधारहरु तय गरेर अन्तिम सूची तयार गर्न सक्नेछ ।
- बीमा लाभग्राहीहरुको अन्तिम बर्गीकरण गर्ने साथै प्राथमिकताक्रम अनुसार नामावली तयारी गर्ने ।
- नामावली तयार गर्दा स्वास्थ्य बीमा लाभग्राही कूल संख्याको ३ प्रतिशत बैकल्पिक लाभग्राहीहरुको नामवाली पनि प्राथमिकताक्रमका आधारमा तयार गर्ने ।
- स्वास्थ्य बीमा लाभग्राहीहरुको एवं बैकल्पिक बीमितहरुको अन्तिम नाम नामेसी तयार गरी अनुमोदनका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने ।
- बर्गीकरण तथा सिफारिसको नतिजा उपयुक्त समयमा बाहेक गोप्य राख्नु पर्ने ।

८. **बीमा लाभग्राहीहरुको नामावली प्रकाशन :**

(क) नियम नं. ७ बमोजिम स्वीकृत बीमा लाभग्राहीहरुको नामावली प्रकाशन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको कार्यालयको हुनेछ । सो नामावलीको एक प्रति पूरै सेट तानसेन नगर कार्यपालिकाको सूचना पाटीमा टाँस गर्नु पर्दछ । साथै तोकिएको समय भित्रै वडागत नामावली छुट्याई सम्बन्धित वडाहरुमा पठाउनु पर्दछ ।

(ख) वडागत नामावली प्रकाशन गर्ने जिम्मेवारी सम्बन्धित वडाको हुनेछ ।

(ग) बैकल्पिक बीमा लाभग्राहीहरुको नामावली वडा कार्यालयमा नपठाई नगर कार्यपालिकामा नै राख्नु पर्नेछ । तर तोकिएको समय भित्र कुनै वडामा कुनै बीमा लाभग्राहीले सूचना प्राप्त गरेर पनि सम्झौता गर्न नआएमा, सम्बन्धित वडा कार्यालयले सो बारेमा लिखित जानकारी नगर कार्यपालिकामा दिनु पर्नेछ । सोही आधारमा नगर कार्यपालिकाले बैकल्पिक बीमा लाभग्राहीको सूचीबाट प्राथमिकताक्रम अनुसार आउनेको नाम सम्बन्धित वडामा पठाउनु पर्नेछ ।

९. **सम्झौता** : नगर कार्यपालिका र छनौट भएका बीमा लाभग्राहीहरु बिच सम्झौता गर्नु पर्नेछ । सम्झौता पत्र अनुसूची-३ बमोजिम हुनेछ ।

१०. **समय सीमा** : समय सीमा अनुसूची-४ बमोजिम हुनेछ ।

११. **स्वास्थ्य बीमा प्रारम्भ, बिधि तथा प्रक्रिया :**

नियम नं. ९ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गरे पछि मात्र निजलाई स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत बीमित हुनको लागि योग्य भएको मानिनेछ र तत्पश्चात स्वास्थ्य बीमा प्रक्रिया प्रारम्भ हुनेछ । वडामा खटिने दर्ता

सहयोगीले सो बीमितलाई स्वास्थ्य बीमाको सहजीकरण शुरु गर्नेछन् । वीमा गरे बापत प्राप्त गरिने सेवा सुबिधा तोकिए बमोजिम हुनेछन् ।

१२. **बिबिध :**

(क) माथिका बुँदाहरुमा जुनसुकै कुरा लेखिए तापनि आर्थिक वर्ष २०७४/०७५ मा वडा स्तरीय लक्षित कार्यक्रम अन्तर्गत ता.न.पा. वडा नं. ११ का लागि स्वीकृत कार्यक्रम "जेष्ठ नागरिक तथा पहेँलो कार्ड अपाङ्ग स्वास्थ्य बीमा" अन्तर्गत रु.१०००००।०० (रु. एक लाख) सञ्चालन गर्न बाधा पर्ने छैन ।

(ख) यो कार्यबिधि लागू गर्नु अगावै नियम नं. २ बमोजिम योग्यता पुगेका कुनै व्यक्ति वा परिवारले स्वास्थ्य बीमा गरिसकेको रहेछ भने वा नियम नं. १२(क) बमोजिम लाभ लिईसकेका रहेछन् भने निजको हकमा बीमा रकम सोधभर्ना गर्न वा पुन: दोहोरो बीमा हुने छैन ।

(ग) छनौट भएका स्वास्थ्य बीमा लाभग्राहीको परिवारमा ५ जना भन्दा बढी सदस्य भए सो बढी सदस्यहरुको बीमा नगर कार्यपालिकाले गर्ने छैन ।

(घ) नियम नं. १ मा जे सुकै कुरा लेखिए तापनि नगरपालिकाले स्वीकृत गरेको बजेटले तोकिएको लक्षित बर्ग सबैलाई यो कार्यक्रमबाट समेट्दा पनि बजेट बचत हुन गएमा निश्चित आधारहरु तय गरेर लक्षित वर्गको दायरा बिस्तार गरी कार्यक्रम सन्चालन गर्न सक्नेछ ।

(ङ) यो स्वास्थ्य बीमा सहयोग कार्यक्रमका बारेमा कुनै सम्भावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय वा वडा अध्यक्ष हुनेछ ।

(च) यो कार्यबिधिका नियमहरुलाई संशोधन वा थपघट गर्ने अधिकार तानसेन नगर कार्यपालिकामा मात्र निहित हुनेछ ।

**अनुसूची-१**
**(कार्यबिधिको नियम नं. ३ सँग सम्बन्धित)**
**बीमा लाभग्राही आबेदन फारम**

श्रीमान् वडा अध्यक्ष ज्यू,
वडा नं. :
तानसेन नगरपालिका, पाल्पा ।

निवेदक

**विषय : स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धमा ।**

नगर कार्यपालिकाको कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि आफूलाई योग्य ठानी यो आवेदन पेश गरेको छु । आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन्, विवरण सहि सत्य छन् झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**आवेदक**
नाम थर :
उमेर :
स्थायी ठेगाना :
टोल :
वडा नं. :
बीमा सेवाग्राही सदस्यहरुको नामावली (बढीमा ५ जना)

| **क.सं.** | **बीमा सेवाग्राहीहरुको पूरा नाम थर** | **उमेर** | **आवेदकसँगको नाता** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

संलग्न कागजात :

१. आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी
२. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
३. दलित वा अल्पसंख्यकको प्रमाण खुल्ने कागजात

## अनुसूची-२
**(कार्यबिधिको नियम नं. ३ सँग सम्बन्धित)**
**बिपन्न दलित वा अल्पसंख्यकको बर्गीकरणका आधारहरु**

आवेदकको नाम थर :

वडा नं. :

| सूचक | अंक १ | अंक २ | अंक ३ | नतिजा |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर | अर्धपक्की (जस्ताको छाना र ईंटाको गारो भएको आदि | कच्ची घर वा घर नभएर डेरामा बसेको | |
| जग्गा | खेत बारी दुबै भएको | बारी मात्र भएको | केही नभएको | |
| रोजगारी | मासिक तलव पाउने नोकरी भएको वा स्वरोजगारी | ज्यालादारी काम गर्ने वा रोजगारीको सुनिश्चितता नभएको वासामान्य निर्वाहामुखी व्यवसाय गरेको | बेरोजगार वा आंशिक ज्यालादारी वा मुस्किलले गुजारा चलेको | |
| शिक्षा (केटाकेटीको) | निजी बिद्यालयमा पढ्दै | सरकारी बिद्यालयमा पढ्दै | गरिवीका कारण बिचैमा पढाइ छुटाउनु परेको | |
| खानेपानी | घरमै व्यवस्थित रुपमा आपूर्ती भैरहेको | सार्वजनिक धारा वा सामुदायिक धाराबाट आंशिक व्यवस्थापन | खानेपानीको समस्या | |
| स्वास्थोपचार | प्राय:निजी क्लिनिक वा अस्पतालमा जान सक्ने | प्राय: सरकारी स्वास्थ्य केन्द्रमा धाउने | गरीवीका कारण कहिलेकाँही उपचार गर्न नसकिएको | |
| शौचालय | निजी व्यवस्थित शौचालय भएको | सामान्य व्यवस्थापनमा चलेको | शौचालय नभएको वा अर्काको शौचालय जानु परेको | |
| परिवार संख्या | ५ जना सम्म | ६ देखि ९ जना | १० भन्दा बढी | |
| बसोबास | शहरी क्षेत्रमा | आंशिक शहर वा गाउँमा | पिछडिएको गाउँमा | |
| घरमुली | रोजगारी पुरुष | बेरोजगारी पुरुष | बेरोजगारी महिला | |
| **कुल प्राप्ताङ्क** | | | | |

**बिपन्न दलित वा अल्पसंख्यकको बर्गीकरणका आधारहरु**

१. अति बिपन्न दलित समूहको लागि प्राप्ताङ्क (२२ वा सो भन्दा बढी):
२. बिपन्न दलित समूहको प्राप्ताङ्क (१३ देखी २१ सम्म):
३. दलित समूहको प्राप्ताङ्क (१२ वा सो भन्दा कम)

मूल्याङ्कनकर्ताको सही :
मिति :

**अनुसूची नं.-३**
**(कार्यबिधिको नियम नं. ९ सँग सम्बन्धित)**
**ता.न.पा. र स्वास्थय बीमा लाभग्राही बिचको सम्भौता पत्र**

तानसेन नगर कार्यपालिका (यस पछि भनिने पहिलो पक्ष) र ता.न.पा. वडा नं. टोल/गाँउ बस्ने .................. श्री ....................................................... को वर्ष.............को छोरा/छोरी/श्री........................................................... को श्रीमती श्री..................................................... (यस पक्ष भिनिने दोश्रो पक्ष) बीच देहायका शर्तको अधिनमा रही सम्भौता गर्न मञ्जुर भएकोले सही छाप गरी यो कागज गरी लियौं दियौं ।

**शर्तहरु :**

१. स्वास्थ्य वीमा कार्यक्रम भन्नाले नेपाल सरकारले सञ्चालनमा ल्याएको बीमा कार्यक्रम मात्र बुझ्नु पर्नेछ ।

२. दोश्रो पक्षले अन्य निजी बीमा कम्पनीसँग स्वास्थ्य बीमाका लागि गरेको सम्भौताको वीमा रकम भुक्तानीका लागि पहिलो पक्ष बाध्य हुने छैन ।

३. कार्यबिधिको नियम नं. ८(क) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्भौता गरिनेछ ।

४. अनुसूची-१ मा उल्लिखित सदस्यहरुको हकमा मात्र यो सम्भौता उत्तरदायी रहनेछ ।

५. सम्भौता स्वीकृत भए पछि पहिलो पक्षले दोश्रो पक्षको नाममा स्वास्थ्य बीमाको लागि एक अवधीको लागि मात्र बीमा रकम (प्रिमियम) बापत रु.२५००।०० भुक्तान गर्नेछ ।

६. शर्त नं. ५ मा उल्लिखित बीमा रकममा कुनै छुटको व्यवस्था भए सो रकमको दावी दोश्रो पक्षले गर्न पाउने छैन ।

७. दोश्रो पक्षले यो सम्भौताको अवधी समाप्त भए पश्चात् पहिलो पक्षबाट सहयोग प्राप्त भए पनि वा नभए पनि बीमालाई निरन्तरता दिई रहनु पर्नेछ ।

८. दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रमका बारेमा दिइएका सबै निर्देशनहरुको पालना गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ ।

९. पहिलो पक्ष वा पहिलो पक्ष मार्फत आउने व्यक्ति वा संस्थाले दोश्रो पक्षले उपभोग गरिरहेको बीमाको बारेमा सोधपुछ वा प्रतिक्रिया लिन आउँदा दोश्रो पक्षले त्यस्तो कार्यमा अनिवार्य रुपमा सहयोग पुऱ्याउनु पर्नेछ ।

१०. नेपाल सरकारद्वारा संचालित स्वास्थ्य बीमाको महत्वको बारेमा दोश्रो पक्षले आफ्ना आफन्त र छरछिमेकलाई पनि जानकारी दिनु पर्नेछ ।

११. आवश्यकता अनुसार सम्झौताका शर्तहरु आपसी सहमतीमा थपघट हुन सक्नेछन् ।

| **पहिलो पक्षको तर्फबाट :** | **दोश्रो पक्षको तर्फबाट :** |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

**अनुसूची-४**
**(कार्यबिधिको नियम नं. ९ सँग सम्बन्धित)**
**समय तालिका**

४

| क्र.सं. | क्रियाकलाप | कार्यबिधि | समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सूचना प्रशारण गर्ने | नियम नं. ३ | शुरुको २ हप्ता | नगर कार्यपालिका |
| २ | आवेदन फाराम वितरण गर्ने र संकलन गर्ने | नियम नं. ३ | तेश्रो र चौथो हप्ता | वडा कार्यालय |
| ३ | आवेदन वितरण बन्द गर्ने | नियम नं. ३ | चौथौ हप्ता | वडा |
| ४ | बिपन्नता बर्गीकरण गर्ने | नियम नं. ५ | पाँचौ हप्ता | वडा |
| ५ | सिफारिस सहित नगरमा नामावली पठाउने | नियम नं. ५ | पाँचौ हप्ता | वडा |
| ६ | नगर स्तरीय समितिले छनौट गर्ने | नियम नं. ७ | छैठौं र सातौं हप्ता | नगर |
| ७ | स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने | नियम नं. ७ | आठौं हप्ता | नगर |
| ८ | नगरपालिकाबाट स्वीकृती भई नामावली प्रकाशन | नियम नं. ८(क) | नवौं हप्ता | नगर |
| ९ | वडागत विवरण वडा कार्यालयमा पठाउने | नियम नं. ८(ख) | नवौं हप्ता | नगर |
| १० | वडा कार्यालयमा नामावली प्रकाशित गर्ने | नियम नं. ८(ख) | नवौं हप्ता | वडा |
| ११ | सम्बन्धित बीमा लाभग्राहीलाई सूचना दिने | नियम नं. ८(ग) | दशौं हप्ता | वडा |
| १२ | सम्झौता गर्ने | नियम नं. ९ | दशौं हप्ता | वडा |
| १३ | दर्ता सहयोगी सँग सम्पर्क र वीमा प्रक्रिया प्रारम्भ | नियम नं. ११ | दशौं हप्ता | वडा |
| | नियमित अनुगमन | | | वडा/नगर |

**नोट :** आ.व.२०७४/०७५ को लागि पुष मसान्त भित्र क्रम संख्या १३ सम्मको क्रियाकलाप सम्पन्न गरिनेछ ।

तर आगामी आ.व. देखि आर्थिक वर्ष शुरु हुना साथ कार्य थालनी गरी असोज मसान्तमा दर्ता सम्पन्न गर्नु पर्नेछ ।

प्रमाणीकरण मिति : २०७४।८।२९

आज्ञाले
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत